नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८०/०८१
चलानी नम्बरः-

मिति : २०८१/०४/०४

## प्रेस विज्ञप्ति

प्रस्तुत विषयमा इजरायल सरकार र नेपाल सरकारको द्विपक्षीय सम्झौता बमोजिम वैदेशिक रोजगार विभागले विगतमा जस्तै इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार पठाउनका लागि मिति २०८१/०३/११ मा विज्ञापन प्रकाशित गरी आवेदनहरु प्राप्त हुने क्रममा रहेको सर्वविदितै छ । वैदेशिक रोजगार विभागले यसरी कामदार पठाउने प्रक्रिया G to G अन्तर्गत पर्ने भएकाले छनौट प्रक्रिया निष्पक्ष र पारदर्शी हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

यसै सन्दर्भमा इजरायलमा कामदार पठाइदिने भनी विभिन्न निकाय तथा व्यक्तिहरुले अनाधिकृत रुपमा रकम असूली गरेको भन्ने जानकारी यस विभागमा प्राप्त भएकोले सो सूचनामा विभागको गम्भीर ध्यानाकर्षण भएको छ। यसका साथै कतिपय व्यक्ति/समूहबाट छनौट प्रक्रिया बारेमा संचार माध्यमबाट समेत भ्रामक सूचना सार्वजनिक समेत भैरहेको पाइएकोमा त्यस्ता गलत र भ्रामक कार्यमा संलग्न नहुन, विभागको आधिकारिक सूचनालाई आधार मान्नुहुन समेत अनुरोध गरिन्छ ।

इजरायलको केयर गिभर क्षेत्रमा पठाइदिने भनी रोजगारीको प्रलोभन देखाई विभिन्न व्यक्ति तथा समूहहरुबाट देखाइएको प्रलोभनमा नपर्नुहुन सम्बन्धित सबैमा विभाग हार्दिक अनुरोध गर्दछ ।

साथै, विभागलाई प्राप्त सूचनाको आधारमा यस किसिमका ठगी र गलत प्रचारका सम्बन्धमा विभागले सुक्ष्म रुपमा अनुसन्धान गरिरहेकोले यस्ता कार्यहरु भए गरेको जानकारी भएमा जोसुकैले कल सेन्टर लगायत विभागमा सूचना प्रदान गरिदिनुहुन वैदेशिक रोजगार विभाग हार्दिक अनुरोध गर्दछ ।

नेपाल सम्बत ११४४ दिल्लाध्व त्रयोदशी, शुक्रबार

(डण्डुराज घिमिरे)
महानिर्देशक
महानिर्देशक

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np